# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : २ संख्या : ९ पुस २९, २०७९

### भाग-३

### सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९-०९-२९ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९।०९।२९ गतेको नवौं कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडीको निर्णयहरुको समीक्षा सम्बन्धमा
२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नजिता सम्बन्धमा
३. स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा सम्बन्धमा
४. जन्म र मृत्यु दर्ता घरघरमा गराउने कार्यक्रम सम्बन्धमा
५. अन्य विविध

## मिति २०७९।०९।२९ गतेको नवौं कार्यपालिकाको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
| --- | --- |
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय समन्वय शाखाको च.न. २६० मिति २०७९।०९।१९ गतेको पत्रानुसार यस गाउँपालिकको आ.व. ०७८।०७९ को संस्थागत क्षमता स्वमूल्याङ्कनको LISA नतिजा ८७.५ प्राप्त भएकोले पृष्ठपोषणको लागि जिल्ला समन्वय समिति गुल्मीमा पठाउने र पृष्ठपोषण प्राप्त भएपछी अन्तिम नतिजा कार्यालयको सामाजिक संजाल, वेभसाईट र सूचना पाटीमा सार्वजनिक गरी आगामी सभामा छलफल र अनुमोदन गर्ने । |
| ३. | यस गाउँपालिकको आ.व. ०७८।०७९ को स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कन FRA को नतिजा सम्बन्धमा ८९.५ प्राप्त भएकोले पृष्ठपोषणको लागि जिल्ला समन्वय समिति गुल्मीमा पठाउने र पृष्ठपोषण प्राप्त भएपछी अन्तिम नतिजा कार्यालयको सामाजिक संजाल, वेभसाईट र सूचना पाटीमा सार्वजनिक गरी आगामी सभामा छलफल र अनुमोदन गर्ने । |
| ४. | गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम अनुसार नागरिकको जन्म र मृत्यु दर्ता घरघरमा गराउने कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाउन र हाल सम्मको प्रगती विवरण ३ दिन भित्र पठाउन वडा सचिवहरुलाई निर्देशन दिने । |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन लगायतका नियकाहरुबाट प्राप्त निर्देशन, परिपत्रहरु बैठकमा प्रस्तुत भई छलफल भयो । निर्देशन तथा परिपत्रहरु कार्यान्वय गर्ने गराउने । |